# ३ यथार्थमा येशू को हुनुहुन्छ तँ ?

<u>*यस अध्यायका मूल पदहरू:*</u> लूका ४:१६-३०, लूका ६:५, एफिसी १:३-५, लूका ९:१८-२७, २ पत्रुस १:१६-१८।

<u>*हृदयमा राख्नुपर्ने पद:*</u> "उहाँले तिनीहरूलाई सोध्नुभयो, "तर तिमीहरूलेचाहीँ मलाई के भन्छौँ त? पत्रुसले तुरन्तै उत्तर दिए, "तपाईं परमेश्वरको ख्रीष्ट हुनुहुन्छ।" (लूका ९:२० रूपान्तरित)

येशू को हुनुहुन्छ त? यो कसैलाई छक्काउन सोधिएको प्रश्न होइन। त्यो प्रश्नले यथार्थमा मानव जाति को हो भनेर थाहा पाउन खोजिएको हो। अझ त्यो भन्दा बेसी महत्त्वपूर्ण विषय त मानव जातको भविष्य के हो भन्ने त्यस प्रश्नले उत्तर खोजेको पाइन्छ।

येशूलाई महामानव, सिद्ध आदि भनेर उहाँको प्रशंसा तथा सराहना मानिसहरूले गर्न सक्छन्, उहाँको कामले गर्दा उहाँ सम्माननीय व्यक्ति हुनुहुन्थ्यो भन्न सक्छन्, उहाँको धैर्यताप्रति छक्क पर्न सक्छन्, उहाँको शान्ति सन्देशलाई दिल खोलेर समर्थन गर्न सक्छन्, निडर तथा सुरो भएर उहाँ धर्मगुरू, राजा र रोमी बडा हाकिमको सामु खडा भएकोमा उहाँको सराहना गर्न सक्छन्, उहाँको निश्वार्थप्रति अत्यन्त प्रभावित हुन सक्छन्, साथै उहाँको जीवन निष्ठुर तरिकाले अन्त भएकोमा अत्यन्त दुखित र उहाँलाई क्रुसमा चढाउनेप्रति क्रोधित पनि हुनसक्छन्। समानता, न्यायोचित र उचितकाममा उहाँ बुलन्द आवाज निकाल्नुभएकोमा उहाँ कस्तो असल महापुरुष भनेर मान्न पनि सक्छन्, बिमारीहरूलाई रोगबाट मुक्त गर्नुभएकोमा उहाँको अलौकिक निको पार्ने शक्तिको मुक्त कण्ठले आभारित पनि हुन सक्छन् र दुःख कष्ट पाइरहेका मानिसहरूलाई केवल भाषणा वा अर्तीलेमात्र सान्त्वना नदिएर तिनीहरूकै माझमा उभिएर करुणाको प्रदर्शन गरेकोमा उहाँको व्यवहारिक दयालाई अनुकरणीय भनेर उहाँलाई हेर्न पनि सक्छन्।

हो, युवाअवस्थामा उहाँले प्रदर्शित गर्नुभएको अत्यन्त उत्तम गुरू तथा स्वामित्व, विद्रोहीपना, कुशल तथा अत्यन्त सक्षम् अगुवा र मानव हृदयलाई भित्रैदेखि चिन्न सक्ने मनोवैज्ञानिक व्यक्तित्वले गर्दा उहाँको नाउँ अग्रपन्थीमा हुनसक्छ। हो, उहाँ ती सबै हुनुहुन्थ्यो तर यस संसारमा उहाँ आउनुको लक्ष्य ती महानकार्यहरूमामात्र सिमित भएको थिएन।

तर येशूले सोध्नुभएको "म कोहुँ भनेर तिमीहरूले भन्छौ?" भन्ने प्रश्नको उत्तरमा माथिका उहाँका गुणहरूमा असली चित्तबुझ्दो जवाफ पाउन खोजेको पाइन्न।

येशूको प्रश्नको जवाफ प्रत्येक मानव प्राणीले दिनु आवश्यक छ किनभने प्रत्येक मानिसको भविष्य त्यस प्रश्नको जवाफमा छ।

## १. येशूको बारेमा मानिसहरूको अनुभव कस्तो थियो (लूका ४:१६-३०)

येशू को हुनुहुन्छ र उहाँले के गर्नुभयो भनेर अचम्म साथ ठोकुवा गर्दै लेखिएका विवरणहरू नयाँ करारमा पढ्नुहोस्। (येशूले के गर्नभयो भन्ने कामलाई जनाउन उहाँ को हुनुहुन्छ सँग गाँसिएको थियो)। येशूको बारेमा धेरै दावीहरू सुसमाचारको पुस्तकहरू सहित नयाँ करारमा कोरिएका छन्। उहाँ परमेश्वर हुनुहुन्छ, उहाँ हाम्रो उद्धारकर्ता तथा मुक्तिदाता हुनुहुन्छ र अनन्त जीवनको बाटो उहाँमात्र हुनुहुन्छ भन्ने केही दावीहरू ती पुस्तकहरूमा छन्। ती दावीहरूलाई हामीले एकदम नजिकबाट ध्यान दिएर पढ्नुपर्छ किनभने प्रत्येक मानिसको अनन्त जीवन वा मरणको सवाल ती दावीहरूमा छन्। घ

यशैयाको पुस्तक पढेर जुन् वचनहरू येशूले भन्नुभयो त्यो देखेर यहूदीहरू उहाँप्रति अत्यन्त आक्रमक भएका थिए। त्यो किनभयो भनेर लूका ४:१६-३०मा पढ्नुहोस्: "उहाँ नासरतमा आउनुभयो, जहाँ उहाँ हुर्कनुभएको थियो। उहाँ आफ्नो आदतअनुसार शबाथ-दिनमा सभाघरमा जानुभयो, र पढ्नलाई खड़ा हुनुभयो। १७ उहाँलाई यशैया अगमवक्ताको पुस्तक दिइयो। उहाँले त्यो पुस्तक खोल्नुभयो, र यो कुरो लेखिएको खण्ड निकाल्नुभयो: १८ "परमप्रभुका आत्मा ममाथि छ, किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई

अभिषेक गर्नुभएको छ। कैदीहरूलाई छुटकाराको घोषणा गर्न, र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति, १९ र परमप्रभुका प्रसन्नताको वर्ष घोषणा गर्नका निम्ति उहाँले मलाई पठाउनुभएको छ।" २० उहाँले पुस्तक बन्द गर्नुभयो, र एक जना सेवकलाई दिएर उहाँ बस्नुभयो। सभाघरमा भएकाहरू सबैको नजर उहाँमाथि पर्‍यो। २१ तब उहाँले तिनीहरूलाई भन्नुभयो, "आज धर्मशास्त्रको यो वचन तिमीहरूले सुन्दासुन्दै पूरा भएको छ।" २२ सबैले उहाँको सराहना गरे, र उहाँको मुखबाट निस्केका कृपापूर्ण वचनमा छक्क परे, र तिनीहरूले भने, "यिनी योसेफका छोरा होइनन् र?" २३ उहाँले तिनीहरूलाई भन्नुभयो, "निःसन्देह, तिमीहरूले मलाई यो उखान भन्नेछौ, 'ए वैद्य, आफैलाई निको पार। कफर्नहुममा तिमीले जे जति गर्‍यौ भनी हामीले सुनेका थियौं, ती यहाँ आफ्नो सहरमा पनि गर'।"२४ अनि उहाँले भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, कुनै पनि अगमवक्तालाई उनको आफ्नो देशमा स्वागत हुँदैन। २५ तर वास्तवमा म तिमीहरूलाई भन्दछु, इस्राएलमा एलियाको समयमा धेरै विधवाहरू थिए, त्यस बेला जब साढ़े तीन वर्ष वृष्टि रोकियो, यहाँसम्म कि सारा देशमा ठूलो अनिकाल परेको थियो। २६ तर एलिया सीदोन देशको सारपतमा भएकी एउटी विधवाकहाँ मात्र पठाइए, अरू कसैकहाँ पठाइएनन्। २७ एलीशा अगमवक्ताको बेलामा इस्राएलमा धेरै कुष्ठरोगीहरू भए तापनि सिरियाली नामान मात्र निको पारिए, अरू कोही निको पारिएनन्।" २८ यी कुरा सुनेर सभाघरमा भएका सबै जना रीसले चूर भए। २९ तिनीहरू उठे र उहाँलाई सहरबाट बाहिर निकालि जुन पहाड़मा तिनीहरूको सहर बनाइएको थियो, त्यसैको टाकुरामा लगेर उहाँलाई तलतिर खसालिदिन खोजे। ३० तर उहाँ तिनीहरूका बीचबाट छिरेर निस्किजानुभयो।" यूहन्ना ३:१९,२०मा पनि यो लेखिएको छ "फैसलाचाहिँ यही होः ज्योति संसारमा आएको छ, र मानिसहरूले ज्योतिभन्दा बरु अन्धकारलाई रुचाए, किनकि तिनीहरूका काम दुष्ट थिए। २० किनभने दुष्ट काम गर्ने हरेकले ज्योतिलाई घृणा गर्छ, र ज्योतिमा आउँदैन, नत्रता त्यसका काम प्रकट हुनेछन्।"

**येशूलाई देखेपछि उहाँका गाउँका मानिसहरू पहिला त अत्यन्त खुशी भएका थिए। उहाँले अन्त अनेकन् अलौकिक कामहरू अचम्म तरिकाले गर्नुभएको थियो। अब उहाँ आफू हुर्केको नाजरथमा आउनुभएको थियो। जब उहाँले अचम्मका वचन पढ्नुभयो र बोल्नुभयो तिनीहरू अत्यन्त छक्क परेका थिए (लूका ४:२२ रूपान्तरित)। जब तिनीहरूको गलत भावनालाई येशूले सच्याउनुभयो तब तिनीहरूमा नकारात्मक जोशले भरिएको थियो।**

येशूको बारेमा जेलमा जाकिएर बसेका बप्तिस्मा दिने यूहन्नाले पनि सोधेका थिए। त्यो कुन् परिवेशमा सोध्न उनलाई वाध्य भएको थियो? हेर्नुहोस्, लूका ७:१७-२२ "उहाँको विषयको यो चर्चा सारा यहूदिया र छेउछाउका समस्त जिल्लाहरूमा फिँजियो। १८ यूहन्नाका चेलाहरूले यी सब कुराको समाचार तिनलाई भनिदिए। १९ आफ्ना चेलाहरूमध्ये दुई जनालाई यूहन्नाले प्रभुकहाँ यो सोध्न पठाए, "जो आउनुहुनेछ, के तपाईं उहाँ नै हुनुहुन्छ? कि हामी अरू कसैको प्रतीक्षा गरौं?" २० जब ती मानिसहरू येशूकहाँ आए, तब तिनीहरूले भने, "बप्तिस्मा-दिने यूहन्नाले हामीलाई यो सोध्न तपाईंकहाँ पठाएका छन्, 'जो आउनुहुनेछ, के तपाईं उहाँ नै हुनुहुन्छ? कि हामी अरू कसैको प्रतीक्षा गरौं?" '२१ त्यसै बेला येशूले धेरैलाई रोग, व्यथा र दुष्टात्माहरूबाट छुटाउनुभयो, र धेरै अन्धाहरूलाई दृष्टि प्रदान गर्नुभयो। २२ तब उहाँले तिनीहरूलाई भन्नुभयो, "जाओ, र जे तिमीहरूले देख्यौ र सुन्यौ, गएर यूहन्नालाई भनिदेओ, अर्थात् अन्धाहरूले दृष्टि पाउँछन्, लङ्गड़ाहरू हिँड्छन्, कुष्ठरोगीहरू निको हुन्छन्, बहिराहरू सुन्छन्, मृतकहरू जीवित भई उठ्छन्, गरीबहरूलाई सुसमाचार सुनाइन्छ।

**आफू हेरोद राजाको आतङ्कको शिकार भएर जेलमा बस्नुपर्दा यूहन्नाको भित्री हृदयमा पनि येशूको बारेमा शङ्का उब्जिएको थियो। त्यही युहन्ना थियो जसले येशूको निम्ति बाटो तयार पारेका थिए र परमेश्वरको थुमा भनेर सार्वजनिक रूपमा घोषणा गरेका थिए। उनले अपेक्षा गरेको अनुसार येशूले यहूदी शासनको भार नलिनुभएकोमा उहाँप्रति गम्भिर शङ्का**

गरेर यो प्रश्न गरेका थिए "के तपाईं नै आउनुभएको ख्रीष्ट हो वा हामी अरूको निम्ति पर्खौं?" (लूका ७:१९ रूपान्तरित)।

यूहन्नाको प्रश्नलाई येशूले सिधै जवाफ दिनुभएन तर उहाँका कामहरूले नै उहाँ को हुन् भनेर साछी दिउन् भनेर उहाँले भन्नुहुन्छ "लङ्गडाहरू हिँड्न पाएका छन्, कोढी रोग लागेकाहरू निको भएका छन्, बहिराले सुन्न पाएका छन्, मरेका मानिसहरू बौरिउठेका छन् र गरिबहरूले सुसमाचार सुन्न पाएका छन्।" (लूका ७:२२ रूपान्तरित)। यूहन्नाले गरेका प्रश्नको जवाफ येशूले सिधै दिन आवश्यक थिएन भनेर कसैले तर्क गर्लान्। उहाँकै काममा उहाँ को हुनुहुन्थ्यो भनेर प्रशस्त जवाफ थियो।

झट्ट हेर्दा येशूले यूहन्नालाई दिएर पठाएको जवाफले उनलाई झन चिन्तित बनाउन सकिन्थ्यो। उनले यो पनि सोध्न सकिन्थे "यदि येशूले ती सबै अलौकिक कामहरू गर्न सक्नु भएको थियो भने म यस कालकोठरीमा किन जाकिएर बसेको छु त?" समय समयमा यस्ता भावनाहरूले हामीलाई पिरोलेको छैन र? यदि परमेश्वरमा सबै शक्ति छ भने यो दुर्गती मलाई किन भइरहेको छ?? ती प्रश्नहरूको जवाफमा क्रुस र क्रुससँग सम्बधित प्रतिज्ञाहरूमात्र किन यठेष्ट भएको देखिन्छ?

## २. परमेश्वरको पुत्र (लूका १:३१,३२,३५)

"मानिसको पुत्र" र "परमेश्वरको पुत्र" भन्दा येशू को हुनुहुन्छ भनेर सुसमाचारमा व्याख्या गर्न दुई नाउँ दिएका हुन्। मानिसको पुत्र भन्दा परमेश्वर येशू मानिसको अवतार लिएर आउनुभएको भनेर देखाउँछ भने परमेश्वरको पुत्र भन्दा उहाँ त्रीएक परमेश्वरको दोस्रो व्यक्तित्वको रूपमा लिइन्छ। येशूको ती दुवै पक्षले गर्दा उहाँ परमेश्वर र मानिस हुनुभएको अलौकिक सत्यले हामीलाई अचम्भित पार्नु स्वभाविकै हो। तर येशूको मानवत्व र दैवित्वको रहस्यलाई हामीले बुझ्न नसकेतापनि परमेश्वर-मानिस हुनुभएको येशूको अचम्मको सत्यता र उहाँले प्रदान गर्ने महान् आशाको गरिमा हटिन्दैन।

येशू को हुनुहुन्छ भनेर दिएको देहायका पदहरूलाई नियालेर पढ्नुहोस्: लूका १:३०-३५ "स्वर्गदूतले तिनलाई भने, "नडराऊ,

मरियम, किनभने तिमीले परमेश्वरबाट कृपा पाएकी छ्यौ। ३१ अब हेर, तिमीले गर्भधारण गर्नेछ्यौ, र एउटा छोरो जन्माउनेछ्यौ, र तिमीले उहाँको नाउँ येशू राख्नेछ्यौ। ३२ उहाँ महान् हुनुहुनेछ, र परमप्रधानका पुत्र कहलाइनुहुनेछ, र परमप्रभु परमेश्वरले उहाँलाई उहाँका पुर्खा दाऊदको सिंहासन दिनुहुनेछ। ३३ उहाँले याकूबको वंशमाथि सदासर्वदै राज्य गर्नुहुनेछ, र उहाँको राज्यको अन्त्य हुनेछैन।" ३४ मरियमले स्वर्गदूतलाई भनिन्, "यो कसरी हुन सक्छ, किनकि म एक कन्या हुँ।" ३५ स्वर्गदूतले तिनलाई जवाफ दिएर भने, "पवित्र आत्मा तिमीमा आउनुहुनेछ, र सर्वोच्चका शक्तिको छाया तिमीमाथि पर्नेछ। यसैकारण जो जन्मनुहुनेछ, उहाँ पवित्र, अर्थात् परमेश्वरका पुत्र कहलाइनुहुनेछ।" र लूका २:११ "आज दाऊदको सहरमा तिमीहरूका निम्ति एक जना मुक्तिदाताको जन्म भएको छ, जो ख्रीष्ट प्रभु हुनुहुन्छ।"

**लूका १:३१,३२मा स्वर्गदूतले येशूलाई "उच्चप्रधानको पुत्र" सँग जोडिएको छ जसलाई "परम प्रभु परमेश्वरले दाउदको गद्दी दिइनेछ।" येशू परमेश्वरको पुत्र हुनुहुन्छ। उहाँ ख्रीष्ट अर्थात् मसीह पनि हुनुहुन्छ जसले दाउदको राजगद्दीलाई पुनर्स्थापना गर्नुहुनेछ। उहाँ कुनै संसारका चक्रवर्ती राजा होइन तर स्वर्गको राजा हुनुहुन्छ जसले त्यस परमेश्वरको राजगद्दीलाई फिर्ता लिन सैतानलाई हराउनुहुनेछ किनभने सैतानले परमेश्वरको त्यस राजगद्दीलाई लुट्न खोजेको थियो। गोठालाहरूलाई स्वर्गदूतहरूले भनेका थिए कि गोठमा जन्मेको बालक येशू "मुक्तिदाता हुनुहुन्छ जो ख्रीष्ट प्रभु" हो (लूका २:११ रूपान्तरित)। फेरि त्यसै वखत येशूको दर्जा "परमेश्वरको पुत्र"ले उहाँ त्री-एक परमेश्वरमा ओगट्नुभएको स्थानलाई जनाउँछ। त्यस दर्जाले येशू यस संसारमा हुँदा परमेश्वर पितासँग भएको उहाँको घनिष्ट सम्बन्धलाई देखाउँछ।**

**तर येशू पुत्र हुनुभएको र उहाँको परमेश्वर पितासँग भएको सम्बन्ध परमेश्वरसँग हाम्रो सम्बन्ध** जस्तो होइन। **ख्रीष्ट हाम्रो सृष्टिकर्ता हुनुभएको र हामीलाई मुक्ति दिनुभएको कारणले परमेश्वरसँग हाम्रो सम्बन्ध भएको हो। तर येशूको सम्बन्ध परमेश्वर पितासँग हुनुको अर्थ**

उहाँ त्री-एकमा एक परमेश्वर समान भएर अनन्तसम्म साझेदार हुनुभएको छ। अर्थात् पिता, पुत्र र पवित्र आत्मा सदासर्वदा सहकर्मीहरू हुनुभएको छ। येशू त्री-एक परमेश्वर हुनुभएकोले परमेश्वर पितासँग अत्यन्त घनिष्ठ सम्बन्ध राख्नुभएको थियो। "जब येशूले "स्वर्गमा रहनुहुने पिता" भनेर सम्बोधन गर्नुहुँदा आफ्ना चेलाहरूलाई उहाँ परमेश्वर भएतापनि तिनीहरूसँग मिलेको भनेर सम्झाउनुभएको थियो। तिनीहरूको दुःखकष्टमा उहाँ सहभागी हुनुभएको छ र तिनीहरूले खप्नुपरेको पिडामा उहाँ संवेदनशील हुनुहुन्छ। तर येशू त्री-एक परमेश्वर हुनुभएकोले उहाँ अनन्त वा सनातन परमेश्वर पिताको राजगद्दीसँग पनि जोडिएको देखाउँछ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ४४२बाट रूपान्तरित।

येशू परम प्रभु परमेश्वर हुनुहुन्छ भन्नुको अर्थ हामीलाई के छ? यसमा आत्मिक सत्यतामा धेरै सम्भाव्य अर्थहरू भरिएका छन्। तर सबभन्दा अचम्म पारेको कुरो त यो छ उहाँ परमेश्वर भएतापनि उहाँ यति तल झर्नुभएको कि उहाँ मानिस भएर हाम्रो निम्ति बलि हुनुभयो। यहाँ अरू कुनै महापुरुषको बारेमा होइन सनातन परमेश्वरकै बारेमा चर्चा गरिरहेका छौं! यथार्थमा परमेश्वर को हुनुहुँदो रहेछ भनेर हामीलाई भनिरहेको परिप्रेक्ष्यमा त्यस आत्मज्ञानले कस्तो अचम्मको आशा हाम्रो निम्ति देखाइएको छ?

## ३. परमेश्वरको पुत्र (लूका १:३१,३२,३५)

आफू मानिसको पुत्र र परमेश्वरको पुत्र हुँ भनेर येशूलाई स्पष्टरूपमा थाहा थियो (लूका २२:६७-७०)। यद्यपि, आफूलाई “मानिसको पुत्र" भनेर कहालाएको उहाँ चाहना गर्नुहुन्थ्यो। कुनै मानिसलाई यसरी सम्बोधन कहिल्यै पनि गरिएको थिएन। येशूले आफूलाई “मानिसको पुत्र" भनेर आफैले सम्बोधन गर्नुभएको बाहेक स्टिफनसको भाषण (प्रेरित ७:५६) र प्रकाश १:१३ र १४:१४मा मात्र उपरोक्त नाउँले उहाँलाई सम्बोधन गरिएको पाइन्छ। यो सम्त्रोधन सुसमाचारको पुस्तकमा ८० पल्ट भन्दा पनि बेसी उल्लेख गरिएको छ भने लूकाको पुस्तकमा मात्र २५ पल्ट उल्लेख गरिएको छ। लूकाको

पुस्तकमा येशूलाई उपरोक्त नाउँले धेरै पल्ट सम्बोधन गरिएको कारणचाहिँ लूकाले येशूको मानविय स्वभावप्रति अत्यन्त गहिरो चासो राखेकाले हो। मुक्तिको सुसमाचार सुनाउन परमेश्वरले उहाँलाई मानिसको चोला बनाएर पठाउनुभएको परमेश्वरको कामलाई उनले केलाएर लेख्न पुग्दा लूकाको प्रयासलाई सराहनीय नै मान्नुपर्छ।

"परमेश्वरको पुत्रलाई मानव चोला लिएर यस संसारमा आउनुभनेको हामीहरूको निम्ति उहाँ सबै थोक हुनुभएको हामी मान्नुपर्छ। उहाँ हाम्रो निम्ति सुनको सिक्री हुनुभएको छ जसले हामीहरूको प्राणलाई ख्रीष्टमा गाँसिएको हुन्छ र ख्रीष्टद्वारा परमेश्वरमा। मानिसको अवतार लिएर आउनुहुँदा मानिसको हितको निम्ति आफू कतिको होचिन राजी हुनुभएको थियो भनेर प्रमाणित गर्दछ। तर यो पनि हामी नबिर्सौं उहाँ हाड र छालामा परमेश्वर हुनुहुन्थ्यो।"-एलेन जी ह्वाइट, सेलेक्टेड मेसेजेज, बुक १, पृ. २४४बाट रूपान्तरित।

लूकाले येशूलाई "मानिसको पुत्र" भनेर सम्बोधन गर्दा मानविय स्वभाव लिएर आउनुभएको येशूको स्वभाव, लक्ष्य र भविष्यको बारेमा विभिन्न धारणाहरू लूकाले प्रस्तुत गर्न चाहेको देखाउँछ।

प्रथमतः त्यस शिर्षकले येशू मानिस नै हुनुहुन्छ भनेर ठोकुवा गरेको पाइन्छ (लूका ७:३४) तर उहाँले संसारले दिने कुनै मान पदवी आदि ग्रहण गर्न सिमामा नरहनुभएको थियो भनेर बताउँछ (लूका ९:५८)।

दोस्रोमा, त्यही वाक्यांसलाई प्रयोग गरेर परमेश्वरको स्थानमा ख्रीष्ट हुनुभएको लूकाले देखाउन चाहेका थिए भनेर जनाउँछ (लूका ९:५८)। "मानिसको पुत्र सब्बथको पनि स्वामी हो भनेर सम्बोधन गर्दा (लूका ६:५ रूपान्तरित) उक्त भावनाको पुष्टि गर्दछ। क्षमा दिने अधिकार तथा शक्ति भएको येशू सृष्टिकर्ता पनि हुनुहुन्छ (लूका ५:२४)।

तेस्रोमा, संसारको सृष्टि भन्दा पहिले त्री-एक परमेश्वरले निर्धारण गरेको मानिसलाई उद्धार गर्ने काममा सम्पन्न गर्न (एफिसी १:३-५)। त्यसकारण मानिसको पुत्र पापको भुमरीमा हराएकाहरूलाई खोज्न र उद्धार गर्न आउनुभएको थियो (लूका ९:५६,लूका १९:१०)। तर त्यो उद्धार गर्ने काम तबसम्म पूरा हुँदैन जबसम्म "मानिसको पुत्रले धेरै

दुःख, कष्ट सहेर मृत्यु हुँदैन र तेस्रो दिनमा पुनरुत्थान हुँदैन" (लूका ९:२२ रूपान्तरित)। मानिसलाई पापबाट उद्धार गराउन आफू कुन् बाटोमा हिँड्नुपर्छ र कुन् मोल चुकाउनुपर्छ भनेर मानिसको पुत्रलाई थाहा थियो। त्यसले मुक्तिको योजनामा परमेश्‍वरको संलघ्नता र त्यस योजनामा ख्रीष्टको आत्मसमर्पणतालाई खुलासा गरिएको पाउँछौं।

<u>चौठोमा,</u> देहायका पदहरूले मसीहको महान् कष्टको पूर्णतालाई कसरी चित्रण गरेको छ, हेर्नुहोस्ः आफूलाई क्रुसमा चढाइएर मारिने कुराको अग्रिम ज्ञान उहाँमा थियो (लूका १८:३१-३३), उहाँप्रति गरिने अन्तर्घात, (लूका ९:४४), उहाँको मृत्युले उहाँको बारेमा गरेको भविष्यवाणी भएको (लूका २२:२२), उहाँको क्रुसको मृत्यु र पुनरुत्थान (लूका २४:७, लूका ११:३०सँग तुलना गर्नुहोस्), परमेश्‍वर पिता र मानिसको बीचमा उहाँले गरिने पैरवी (लूका १२:८)।

<u>पाँचौ,</u> लूकाले मानिसको पुत्रलाई संसारको अन्तिम दिनमा आउने त्यस्तो व्यक्तित्वको रूपमा हेरेका थिए जसले यस संसारमा आएर उहाँको सन्तहरूलाई इनाम दिनुहुनेछ र येशू र सैतानको बीचमा भइरहेको महान् विवाद वा संघर्षलाई निर्णायक बिन्दुमा पुर्‍याउनुहुनेछ (लूका ९:२६,, लूका १२:४, लूका १७:२४,२६,३०, लूका २१:३६, लूका २२:६९)।

संक्षेसमा, “मानिसको पुत्र" भनेर दिइएको शिर्षकमा ख्रीष्टका विभिन्न पक्षहरू समावेश भएका छन्। त्यसमा उहाँ को हुनुहुन्थ्यो, उहाँ के गर्न आउनुभयो, उहाँले हाम्रो निम्ति के गर्नुभयो र मुक्तिको योजनामा उहाँले के गर्नुहुनेछ आदि समावेश भएका छन्।

## ४. “परमेश्‍वरको ख्रीष्ट वा मसीह" (लूका ९:१८-२७)

लूका ९:२८-२७मा येशूले उहाँका चेलाहरूलाई एक निर्णायक प्रश्‍न गर्नुभएको थियो जुन उहाँलाई थाहा थियो। त्यो प्रश्‍न उहाँले किन गर्नुभयो? उहाँको बारेमा तिनीहरूलाई के सिकाउनु खोज्नुभएको थियो र उहाँलाई पछ्याउनु भनेको के हो भन्ने अर्थ तिनीहरूलाई बुझाउन चाहनुभएको थियो? हेर्नुहोस्ः "१८ एक पल्ट येशू एक्लै प्रार्थना गरिरहनुभएको थियो, चेलाहरू उहाँसँग थिए, र उहाँले तिनीहरूलाई

सोध्नुभयो, “मानिसहरूले मलाई को हो भन्छन्?” १९ तिनीहरूले भने,
“कसैले यूहन्ना बप्तिस्मा-दिने भन्छन्, कसैले एलिया, र अरूहरूले
भन्छन्, पहिलेका कोही अगमवक्ताहरूमध्ये एक जना फेरि उठेका
छन्।” २० उहाँले तिनीहरूलाई भन्नुभयो, “तर तिमीहरूचाहिँ के
भन्छौ? म को हुँ?” तब पत्रुसले जवाफ दिएर भने, “परमेश्वरका ख्रीष्ट!”
२१ तब उहाँले तिनीहरूलाई आज्ञा दिनुभयो, र साथै चेताउनी दिनुभयो,
कि तिनीहरूले यो कुरा कसैलाई नभनून्। २२ अनि उहाँले भन्नुभयो,
“मानिसको पुत्रले धेरै दुःख उठाउनुपर्छ, र उनी धर्म-गुरुहरू, मुख्य
पूजाहारीहरू र शास्त्रीहरूबाट बहिष्कृत हुनेछ, मारिनेछ र तेस्रो दिनमा
मृतकबाट जीवित भई उठ्नेछ।” २३ तब उहाँले सबैलाई भन्नुभयो,
“कोही मपछि आउने इच्छा गर्छ भने त्यसले आफूलाई इन्कार गरोस्, र
दिनहुँ आफ्नो क्रूस बोकेर मेरो पछि लागोस्। २४ किनकि जसले
आफ्नो प्राण बचाउने इच्छा गर्छ, त्यसले त्यो गुमाउनेछ। तर जसले
मेरो खातिर आफ्नो प्राण गुमाउँछ, त्यसले त्यो बचाउनेछ। २५ किनकि
सारा जगत् प्राप्त गरेर आफैलाई चाहिँ नाश पार्छ वा गुमाउँछ भने
मानिसलाई के लाभ हुन्छ र? २६ तर कोही मदेखि र मेरा वचनदेखि
शर्माउँछ भने मानिसको पुत्र पनि आफ्नो महिमामा, र पिताको र पवित्र
दूतगणको महिमामा आउँदा त्यससँग शर्माउनेछ। २७ तर साँच्चै म
तिमीहरूलाई भन्दछु, यहाँ उभिनेहरू कोही-कोही छन्, जसले परमेश्वरको
राज्य देख्न अघि मृत्यु चाख्नेछैनन्।”

अरूले जे भने पनि “तिमीहरूलेचाहिँ मलाई के भन्छौ?" (लूका ९:२० रूपान्तरित)। २,००० वर्ष अघि येशूले सोध्नुभएको प्रश्न अहिले पनि समय सापेक्षिक छ र मानव इतिहासभरि त्यो प्रश्नको जवाफको माग गर्दछ। येशूको बारेमा विभिन्न मानिसहरूले विभिन्न जवाफ दिएका छन्ः उहाँ महान् गुरू हुनुहुन्थ्यो, समाज सुधारको नीति तय गर्ने एक विशेषज्ञ, एक सत्यवादी र सत्यलाई प्रतिनिधित्व गर्ने एक महामानव, बलिदान तथा स्वार्थ-त्यागको एक अनुकरणीय आदर्श उदाहरण, निडर अगमवक्ता तथा परमेश्वरको सन्देशवाहक, समाज सुधारको आन्दोलनकर्ता, **यस संसारमा जन्मिएपछि कस्तो मानिस हुनुपर्छ**

भनेर देखाउने एक उत्कृष्ठ आदर्श पुरुष आदि। तर "तपाईं परमेश्वरको ख्रीष्ट" भन्ने पत्रुसको ओठहरूबाट आएको जवाफमात्र येशूको प्रश्नको सही तथा उपयुक्त जवाफ हो।

येशू ख्रीष्टले प्रकृतिमाथि आफ्नो आधिपत्य कतिको थियो भनेर उहाँले प्रमाणित गरेर देखाउनुभएको थियो (लूका ८:२२-२५), सैतानका मतियार वा उसका राक्षसी दूतहरूमाथि उहाँको नियन्त्रण गर्ने शक्ति थियो (लूका ८:४३-३५), रोगव्याधीलाई हटाउने उहाँको अलौकिक शक्तिलाई प्रदर्शित गरेर देखाइएको थियो (लूका ५:१२-१५, लूका ८:४३-४८), झण्डै केही थोक बिनानै ५,००० जना भन्दा बढीलाई खाना ख्वाएर भोकमरीको समस्यालाई समाधान गर्न सक्ने शक्ति पनि देखिएको थियो (लूका ९:१३-१७), त्यतिमात्र नभएर कुनै पनि मैहुँ भन्ने वैज्ञानिकले माथ गर्न नसक्ने मृत्युमाथि पनि विजय हासिल गर्ने उहाँको अधिकार र शक्तिलाई पनि तत्कालिन आम जनताले देखेका थिए (लूका ८:५१-५६)। अरूले आफ्नो बारेमा के भन्छ भन्ने जवाफ पाएपछि हाकाहाकी चुनौती दिएर येशूले आफ्ना चेलाहरूलाई आफ्नो बारेमा तिनीहरूको के बिचार छ भनेर सोध्नुभएको थियो। त्यो प्रश्नको जवाफबाट आफूले सिक्न उहाँले प्रश्न गर्नुभएको थिएन न त उहाँलाई थाहा नभएको कुरो थाहा पाउन। तर त्यो प्रश्नको सही जवाफमा उहाँप्रति तिनीहरूको पूर्ण समर्पणताको आवश्यकता तिनीहरूले महसुस गरून् भन्ने उहाँको चाहना थियो। त्यस समर्पणतामा तिनीहरूले चुकाउनुपर्ने सबै मोल गाँसिएको थियो।

"येशूको बारेमा अरूले के भन्छ के भनेका थिए भनेर अरूको अनुभवमा उहाँप्रति हामीहरूको ज्ञान तथा आस्था कहिल्यै पनि आधारित हुनुहुन्दैन। येशूको बारेमा व्यक्त गरेका विभिन्न धारणाहरूको बारेमा हामीलाई राम्रोसँग थाहा हुन सक्छ। मानिसको दिमागले रचेका वा सोचेका क्रिश्चियन धर्मको बारेमा थाहा पाउने विशेषज्ञ वा विद्धान हामी हुनसक्छौं होला। विश्वका विभिन्न महान चिन्तक वा दार्शनिक तथा विद्वानहरूले येशूको बारेमा सिकाएका शिक्षादीक्षाको सार हामी भन्न सकौंला। तर त्यो खुबी हामीमा भयो भन्दैमा हामी इसाई अर्थात्

येशूभक्त हुन्छौं भन्ने छैन। इसाई धर्म वा आस्था भनेको केवल येशूको बारेमा थाहा पाउनुमात्र होइन। येशूलाई व्यक्तिगत रूपमा चिन्ने खुबी हुनु नै येशूप्रतिको आस्थाको मौलिकता हो भनेर सबैले सधैं थाहा पाउनु नितान्त जरुरी छ। येशूप्रति व्यक्तिगत आत्मनिर्णयको अपेक्षा उहाँले गर्नुहुन्छ। केवल पत्रुस वा ती चेलाहरूलाई मात्र होइन हामी प्रत्येकलाई त्यही प्रश्न उहाँले हाम्रो सामु तेर्स्याउनुहुन्छः तिमी आफैले मेरो बारेमा के सोच्दछौ?"-विलियम बार्क्ले, द गस्पल अभ माथ्यु, (बंगलोर, थियोलोजिकल पब्लिकेशनस् इन इन्डिया,२००९), ठेली २, पृ. १६१बाट रूपान्तरित।

येशूले आफू "को हुँ भनेर तिमीहरूले सोच्दछौं?" भन्ने प्रश्नको जवाफ जुन् पत्रुसले दिए त्यही हामीबाट उहाँले पाउनुपर्ने पनि जवाफको बिकल्प अरू केही हुनुहुन्दैन यदि हामीले येशूप्रति आस्था, भरोसा र अगाढ श्रद्धा राख्दछौं भने। पत्रुसको जवाफ "तपाँई परमेश्वरको ख्रीष्ट अर्थात् मसीह हुनुहुन्छ" (लूका ९ः२० रूपान्तरित) युगौं युगको समय सापेक्षित जवाफ हो। ख्रीष्टको अर्थ अभिषित व्यक्ति, मसीह, उद्धारकर्ता हो जसले सैतान र पापको पकडबाट मानिसहरूलाई मुक्त गर्नुहुन्छ र धार्मिकताको राज्य अर्थात् असल, सही बाटो हिंड्ने र असली प्रेममा सबैलाई पस्रिन निम्तो दिनुहुन्छ।

येशू कुनै धर्मगुरू अर्थात् स्वामी, निको पार्ने डाक्टर, करुणामय व्यक्तित्व, समाज सुधारको निम्ति बुलन्द आवाज उठाउने, दार्शनिक, विभिन्न कथा तथा उपमाहरूद्वारा अर्तीबुद्धि दिने महान् चिन्तक आदि हुन् भनेरमात्र पुग्दैन अर्थात् उहाँको बारेमा थाहा पाएरमात्र पुग्दैन। तर, व्यक्तिगत रूपमा उहाँलाई हामीले चिन्नै पर्छ। यदि तपाईंले येशूलाई चिन्नुभएको छ भने उहाँको बारेमा तपाईंलाई के थाहा छ? तपाईंले येशूको बारेमा थाहा पाउनुभएको आफ्नै व्यक्तिगत आत्मज्ञानबाट उहाँ को हुनुहुन्छ भनेर साँच्चिकै के सिक्नुभएको छ?

## ५. येशूको रूप परिवर्तन (लूका ९ः२७-३६)

एक दिन येशू आफ्ना तिन चेलाहरूलाई लिएर एउटा डाँडामा जानुभएको थियो जहाँ उहाँले गरिरहनुभएको प्रार्थनाको दौरानमा उहाँको

रूप अलौकिक रूपमा परिवर्तन भएको थियो। त्यसको बारेमा लूका, मत्ती र मर्कुसले वर्णन गरेका छन्। पत्रुसले पनि त्यसको आफू प्रत्यक्षदर्शी भएको सत्य कुरा बताउँछन्। तर ती सबै बृतान्तहरूभन्दा त्यस घट्नाको बारेमा वढी जानकारी लूकाले कसरी दिएका छन्? हेर्नुहोस् ती सबै वृतान्तहरू लूका ९:२७-३६ "२७ तर साँच्चै म तिमीहरूलाई भन्दछु, यहाँ उभिनेहरू कोही-कोही छन्, जसले परमेश्वरको राज्य देख्न अघि मृत्यु चाख्नेछैनन्।" २८ यी कुराको प्रायः आठ दिनपछि पत्रुस, यूहन्ना र याकूबलाई आफूसित लिएर प्रार्थना गर्नलाई उहाँ पहाड़माथि उक्लनुभयो। २९ उहाँले प्रार्थना गरिरहनुहुँदा उहाँको मुहारको रूप बद्लियो, र उहाँको वस्त्र बिजुली चम्केको जस्तो उज्ज्वल भयो। ३० अनि उहाँसँग दुई जना मानिस बातचित गरिरहेका थिए, उनीहरू मोशा र एलिया थिए। ३१ उनीहरू महिमित रूपमा देखा परी येशूका मृत्युको विषयमा बातचित गरिरहेका थिए। यो कुरा उहाँले यरूशलेममा पूरा गर्नुपर्नेथियो। ३२ अब पत्रुस र तिनीसँग हुनेहरू निद्राले लठ्ठ भएका थिए। तर ब्यूँझेपछि तिनीहरूले उहाँको महिमा र उहाँसँग उभिएका ती दुई जना मानिसलाई देखे। ३३ तब ती दुई मानिसहरू उहाँसँग बिदा भएर जान लाग्दा पत्रुसले येशूलाई भने, "गुरुज्यू, हामीलाई यहीं बस्नु असल रहेछ। हामी तीन वटा वासस्थान बनाऔं– एउटा तपाईंको निम्ति, एउटा मोशाको निम्ति र एउटा एलियाको निम्ति।" आफूले बोलेका कुराको तिनलाई ख्यालै थिएन। ३४ तिनी यी कुरा बोल्दाबोल्दै एउटा बादल आएर उहाँहरूलाई छोप्यो, र उहाँहरू बादलभित्र पस्न लाग्दा तिनीहरू भयभीत भए। ३५ अनि बादलबाट यसो भन्ने एउटा आवाज निस्क्यो, "यिनी मेरा पुत्र हुन्, जसलाई मैले छानेको हुँ। यिनको वचन सुन।" ३६ यो शब्द भएपछि येशू त्यहाँ एकलै हुनुभयो। तिनीहरू चूपचाप रहे, र तिनीहरूले देखेका कुराहरू ती दिनमा कसैलाई भनेनन्।", मत्ती १७:१-९ "यसको छ दिनपछि येशूले पत्रुस, याकूब र तिनका भाइ यूहन्नालाई आफूसँग एउटा उच्च पहाड़माथि अलग्गै लैजानुभयो। २ तिनीहरूका सामुन्ने उहाँको रूप परिवर्तन भयो। उहाँको चेहरा सूर्यझैं चम्क्यो, ३ र उहाँका वस्त्र

प्रकाशझैं सेता भए। अनि मोशा र एलिया उहाँसँग बातचित गरिरहेका देखा परे। ४ पत्रुसले येशूलाई भने, "हे प्रभु, हामी यहाँ भएको असल छ। तपाईंको इच्छा भए म यहाँ तीन वटा वासस्थान बनाउनेछु, एउटा तपाईंको निम्ति, एउटा मोशाको निम्ति र एउटा एलियाको निम्ति।" ५ तिनी बोल्दाबोल्दै, चम्किलो बादलले तिनीहरूलाई ढाकिहाल्यो, र त्यस बादलबाट एउटा आवाज आयो, "यिनी मेरा प्रिय पुत्र हुन्, यिनीसँग म अति प्रसन्न छु, यिनको कुरा सुन।" ६ जब चेलाहरूले यो सुने, तब तिनीहरू अति भयभीत भएर घोप्टो परे। ७ तर येशूले आएर तिनीहरूलाई छोएर भन्नुभयो, "उठ, नडराओ।" ८ जब तिनीहरूले आफ्ना आँखा उचाले, येशूबाहेक तिनीहरूले अरू कसैलाई देखेनन्। ९ जब उहाँहरू पहाड़बाट ओर्लंदैहुनुहुन्थ्यो, येशूले तिनीहरूलाई आज्ञा गर्नुभयो, "जबसम्म मानिसको पुत्र मृतकबाट जीवित भई उठ्दैन, तबसम्म तिमीहरूले यो दर्शनको कुरा कसैलाई नभन्नू।", मर्कूस ९:१-१० "अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, यहाँ उभिएकाहरूमध्ये कोही-कोही छन्, जसले परमेश्वरको राज्य शक्तिमा आएको नदेखुञ्जेल कुनै किसिमले मृत्यु चाख्नेछैनन्। २ त्यसको छ दिनपछि येशूले पत्रुस, याकूब र यूहन्नालाई उहाँको साथ लिई एउटा उच्च पहाड़मा लैजानुभयो। त्यहाँ उहाँहरू मात्र हुनुहुन्थ्यो, अनि तिनीहरूका सामुन्ने उहाँको रूप बद्लियो। ३ अनि उहाँका वस्त्र उज्ज्वल र अति सेता भए, यस्तो कि पृथ्वीमा कसैले पनि धोएर त्यतिको सेतो पार्न सक्दैन। ४ त्यहाँ तिनीहरूकहाँ एलिया र मोशा देखा परे, र उनीहरू येशूसँग बातचित गरिरहेका थिए। ५ पत्रुसले येशूलाई भने, "गुरुज्यू, हामी यहाँ भएको असल भयो। हामी यहाँ तीन वटा वासस्थान बनाऔं, एउटा तपाईंको निम्ति, एउटा मोशाको निम्ति र एउटा एलियाको निम्ति।" ६ तिनीहरू ज्यादै डराएको कारणले के भन्ने हो सो तिनले जानेनन्। ७ अनि एउटा बादल आएर तिनीहरूलाई ढाक्यो, र बादलबाट एउटा आवाज निस्क्यो, "यिनी मेरा प्रिय पुत्र हुन्, तिमीहरूले उनको वचन सुन।" ८ अनि झट्टै वरिपरि हेर्दा तिनीहरूले आफ्ना साथमा येशूलाई बाहेक अरू कसैलाई देखेनन्। ९ उहाँहरू पहाड़बाट

ओर्लंदैगर्नुहुँदा येशूले तिनीहरूलाई "मानिसको पुत्र मृतकबाट पुनरुत्थान नहोउञ्जेल तिनीहरूले जे देखेका थिए त्यो कसैलाई नभन्नू भनी आज्ञा दिनुभयो। १० तिनीहरूले त्यो कुरा आफ्नो मनमा राखे, तर मृतकबाट पुनरुत्थान हुनु भनेको के हो भनी आपसमा बातचित गर्न लागे।" र २ पत्रुस १:१६-१८ "किनकि हामीले तिमीहरूलाई हाम्रा प्रभु येशू ख्रीष्टको महाशक्ति र आगमनको समाचार दिँदा धूर्ततासँग रचिएका दन्त्यकथाहरूको हामीले अनुसरण गरेनौं, तर उहाँको वैभव प्रत्यक्ष देख्ने हामी साक्षी हौं। १७ उहाँले परमेश्वर पिताबाट आदर र महिमा प्राप्त गर्नुभयो, जब त्यस तेजस्वी महिमाबाट एउटा वाणी निस्किआयो, "यिनी मेरा प्रिय पुत्र हुन्, जससँग म अति प्रसन्न छु।" १८ त्यस पवित्र डाँड़ामा हामी उहाँसँग हुँदा स्वर्गबाट आएको त्यो वाणी हामी आफैले सुनेका थियौं।"

**मत्ती र मर्कूसले वयान नगरेको विस्तृत जानकारी दिएर लूकाले येशूको रूपको परिवर्तनको कथा लेख्दछन्: "येशूले पत्रुस, यूहन्ना र याकूबलाई पहाडमा प्रार्थना गर्न चढ्नुभयो। येशूका आँखाहरू र दिमाग येरुशलेमतिर केन्द्रित थियो र उहाँको साम आइपर्ने कष्टको मार्ग खुलाइएको थियो। आफू के गरिरहेको छ सो परमेश्वरकै सदिच्छा अनुसार गरिरहेको छ भनेर निश्चित भएको येशूले चाहनुभएको थियो। त्यस्तो परिस्थितमा परमेश्वरको चाहना थाहा पाउन प्रार्थनाको बिकल्प अरू थिएन। जब प्रार्थनामा येशू तल्लिन हुनुहुन्थ्यो तब स्वर्गको तेजस्वीमय महिमा येशूमाथि तुरन्तै यस्तरी खनियो कि "उहाँको अनुहार बदलियो। उहाँका लुगाहरू बिजुली चम्केझैं उज्ज्वल भएर चम्कियो" (लूका ९:२९ रूपान्तरित)।**

**तेजस्वीमय येशूले मोशा र एलियासँग आफ्नो छिट्टै आउनेवाला मृत्युको बारेमा चर्च गर्दै हुनुहुन्थ्यो (पद ३१)। मृत्यु वा मर्नुपर्ने शब्दलाई दुई किसिमले बुझ्न सकिन्छः प्रथमतः, येरुशलेममा हुने उहाँको मृत्यु। तर ग्रीक वा युनानी भाषामा त्यो मृत्यु भन्ने शब्द प्रस्थान वा एक्सोदस (exodus) जुन् प्रायजसो मृत्युलाई जनाउन प्रयोग गरिन्दैन। दोस्रोमा, मृत्युको अर्थ त्यो महान् एक्सोदस (exodus) हो जुन् येशूको**

अगुवाइमा मानिसहरूलाई पापबाट छुटकारा दिने कार्यमा संलघ्न हुनुहुनेछ।

स्वर्गबाट आकासवाणी भएर येशू, मोशा र एलियासँगको भेटघाट सकिएको थियो। त्यो आकासवाणीमा येशूको कामलाई अनुमोदन गरिएको थियो "यिनी मेरा प्रिय पुत्र हुन्। उनले जे भन्छन् सो सुन्नु!" (पद ३५ रूपान्तरित)। येशूको रूप परिवर्तनले उहाँलाई तेजस्वीसाथ आशिष दिएको हुन्छ, उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने जिकिर फेरि दोहोरिन्छ, र मानिसको मुक्तिको निम्ति उहाँले कस्तो मोल चुकाउनुहुनेछ भनेर घोषणा गर्दछ। त्यही सन्दर्भमा चेलाहरूलाई स्वर्गबाट यो निर्देशन दिइन्छः उनले जे भन्छ सो सुन्नु। चेला हुन उहाँको वचनलाई शिरोपर गरेर हिंड्ने र उहाँप्रति निष्ठावान तथा बफादारी हुनुको बिकल्प अरू छैन।

मोशा र एलियाको बारेमा एलेन जी ह्वाइटले यसरी लेख्छिन् "येशूको महाकष्टको बारेमा उहाँसँग चर्चा गर्न आफ्ना सिहाँसनको वरिपरिरहेका स्वर्गदूतहरूलाई उछिनेर परमेश्वरले ती व्यक्तिहरूलाई चुन्नुभएको भएको थियो। स्वर्गको सहानुभूति र समर्थन जनाउन पनि तिनीहरू उहाँकहाँ आएका थिए। संसारलाई चाहिने आशा, प्रत्येक मानवको निम्ति चाहिने मुक्ति आदि छलफलको विषयवस्तु तिनीहरूको थियो।"-*द दिजाएर अभ एजेज्,* ४२५बाट रूपान्तरित। कति मानिसहरूलाई येशूले मन हलुका पार्ने वचनहरू दिनुभएको थियो र करुणा देखाउनुभएको थियो तर उहाँ आफैलाई त्यसको आवश्यक भएको महसुस गर्नुभएको थियो। बलियो खम्बारूपी हामीहरूका अगुवाहरू, शिक्षकहरू र हामीलाई बाटो देखाउने व्यक्तिहरूलाई पनि बेलाबेलामा हामीहरूको मन हलुको पार्ने वचन, उत्साह र सहायताको आवश्यक पर्दो रहेछ भनेर उपरोक्त घट्नाले हामीलाई कसरी बताउँछ? उत्साह र सान्त्वनाका भोकी भएकाहरूलाई तृप्त पार्न के त्यसता अगुवा, शिक्षक आदिहरू तपाईंको सामु कोही छन् कि?

**उपसंहारः**

थप जानकारीः "येशूको बारेमा गलत सोच भित्राउने कुनै पनि मानविय प्रश्नहरूबाट पन्छिएर बस्नु पर्छ। हो, सत्य भनेको अनुमानको ढोकैमा पनि हुनसक्छ। ख्रीष्ट मानिस हुनुहुन्थ्यो भने चर्चा गर्दा तपाईं धेरै होशियार हुनुपर्छ किनभने तपाईंको जिज्ञासामा ख्रीष्ट परमेश्वर हो कि मानिस हो भन्ने कुरामा अलमलिएर उहाँप्रति गलत धारणमा तपाईं डुब्न नपरोस्। उदाहरणमा येशूको मानव अवतारी जन्म परमेश्वरको अलौकिक वा आश्चर्य प्रक्रियाबाट भएको थियो। तर कहिल्यै पनि यो मनमा हामीले राख्नु हुँदैन कि उहाँमा कुनै पाप थियो वा उहाँ पापमा फस्नु भएको थियो। हो, हामी प्रलोभनमा फसेको जस्तै सबै प्रलोभनको सामना उहाँले गर्नुभएको थियो। तर उहाँलाई पवित्र व्यक्ति भनेर कहलाइएको थियो। ख्रीष्ट हामी जस्तै सबै कुराको प्रलोभनमा पर्नुभएपनि उहाँ पापरहित हुनुभएको थियो भन्ने व्याख्या रहस्यमा नै छोडिएको छ। ख्रीष्ट मानव स्वरूप हुनुहुन्थ्यो र त्यही स्वरूपमा उहाँ सदा रहिरहनुहुनेछ। यो कसरी सम्भव छ भन्ने ज्ञान सधैं रहस्यमय नै राखिनेछ।"-एलेन जी ह्वाइट, *द एसडिए बाइबल कमेन्टरी,* ठेली ५, पृ. ११२८,११२९बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. एलेन जी ह्वाइटको माथिको भनाइमा ख्रीष्टको मानविय स्वभावको बारेमा व्यक्त गरेको भावनालाई गहिरिएर सोच्नुहोस्। येशूको दुवै मानविय र ईस्वरीय स्वभावको तथ्यलाई पूर्णरूपमा हामीले कहिल्यै पनि बुझ्न सक्दैनौं भन्ने महान् सत्य सधैं रहस्यमय नै हुने छ भनेर हामीले स्विकार्नै पर्छ। "ख्रीष्ट कुनै पनि मानिस भन्दा कम मानव स्वभाव भएको व्यक्तित्व थिएन तर त्यो स्वभाव सदासर्वदा रहस्यमय नै हुनेछ" भन्ने भनाइलाई मध्यनजरमा राख्दा कसैले येशूको बारेमा विभिन्न धारणा राख्दा त्यसको मूल्याङ्कन गर्न हामी किन होशियार हुनुपर्छ किनकि हामीलाई पनि त उहाँको बारेमा सबै कुरा थाहा छैन नी?

आ. येशूको रूप परिवर्तन भएको पहाडमा के भयो सो बारेमा सोच्नुहोस्। येशूले चुन्नुभएका केवल तिन चेलाहरूले जब येशूको रूप परिवर्तन भइरहेको थियो त्यसबेला तिनीहरू के गरिरहेका थिए? मुक्तिको महान् इतिहासको अन्तमा पनि कतिपय मानिसहरू सुतिरहेका हुन्छन् भनेर उपरोक्त घट्नाले हामीलाई कसरी सिकाउँछ? येशूको दोस्रो आगमन भइरहेको छ तर त्यसको निम्ति हामी कति जागा छौं?

इ. आफ्नो बारेमा येशूले धेरै भन्नुभएको थियो सो पढ्नुहोस् र सोच्नुहोस्। येशू महान् व्यक्तित्व, महा मानव, महान् अगमवक्ता वा भविष्यवक्ता वा महान् आत्मिक गुरू वा अगुवामात्र भनेर हेर्नु किन गलत छ? आफ्नो बारेमा अनेकन् मनगढन्ते कुरा गरेर आफूलाई र अरूलाई धोका दिने व्यक्ति भनेर किन स्विकार्नु हुँदैन? येशू को हुनुहुन्छ त्यसको यथार्थता बाहेक उहाँको अरू कुनै धारणा निर्णायत्मक नभएको हामीले कसरी सोच्ने?